आज मिति २०७५ साल षौष २३ गते सोमबारका दिन यस व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | अनुपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | अनुपस्थित |
| | श्री मधुमाया घर्ती | अनुपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री दिनेशराज पन्त | उपस्थित |
| का.वा. अध्यक्ष व्यास १३ | श्री एकराज तिवारी | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमारकन्चन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मुल | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

प्रस्तावहरु

१) गण्डकी प्रदेश सरकारसंग समपुरक र विशेष अनुदान तर्फका आयोजनाहरु प्रस्ताव गरी पठाउने सम्बन्धमा ।
२) विद्युत पोल परिवर्तनको लागि लागत सहभागिता सम्बन्धमा ।
३) एकीकृत जग्गा विकास परियोजनाको संभाव्यता अध्ययन सम्बन्धमा ।
४) सडक बत्ती जडान सम्बन्धमा ।
५) करार सेवाका कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
६) चौथो नगर सभाको मिति तय गर्ने सम्बन्धमा ।
७) ने-कोर्यो हस्पिटलको संस्था नवीकरण प्रकृया अनुमोदन सम्बन्धमा ।
८) दोस्रो खुल्ला व्यास नगर अल्ट्रा म्याराथन दौड प्रतियोगिता-२०७५ आयोजना सम्बन्धमा ।
९) फोहोरमैलाको वर्गीकरण गरी संकलन तथा व्यवस्थापनको थालनी सम्बन्धमा ।

१०) कार्यालय सहयोगी नियुक्ती सम्बन्धमा ।
११) बाटोको लगत कट्टा सम्बन्धमा ।
१२) व्यास १० को सामुदायिक विद्यालयहरुका शिक्षकहरुलाई कम्प्यूटर तालिम संचालन सम्बन्धमा ।
१३) ह्यूम पाइप खरिद सम्बन्धमा ।
१४) कार्यालयको कार्यकक्ष निर्माण तथा फर्निचर खरिद सम्बन्धमा ।
१५) दमौली खानेपानी तथा सरसफाई संस्थाको म्याद थप सम्बन्धमा ।
१६) अग्रेनी खानेपानी आयोजना संचालन सम्बन्धमा ।
१७) योजना कार्यान्वयन सम्बन्धी सफ्टवयर खरिद सम्बन्धमा ।
१८) विभिन्न योजनामा रकम विनियोजन सम्बन्धमा ।

**<u>निर्णय नं.१:</u>** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेश, पोखरा नेपालको पत्र संख्या २०७५/०७६ चलानी नम्बर ५२४ मिति २०७५/०९/०५ गतेको पत्रको व्यहोरा बमोजिम तहाँ मन्त्रालयको समपुरक र विशेष अनुदान कार्यक्रम अन्तर्गत विनियोजन हुने बजेट अनुसार समपुरक अनुदान कार्यविधि र विशेष अनुदान कार्यविधिको मापदण्ड भित्र रही समपुरक तर्फ र विशेष अनुदान तर्फ निम्नानुसारको आयोजनाहरु स्वीकृतिका लागि प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

समपुरक अनुदान तर्फ प्रस्ताव गरिएका योजनाहरुको विवरण

| सि.नं | आयोजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | दमौली केशवटार मार्ग | १३ र १४ | |
| २ | कलेस्ती गजौडे सिस्नेरी मार्ग | ७ र ९ | |
| ३ | कालिका छापथोक मार्ग | ७ | |
| ४ | माहेन्द्री मार्ग | ५ र ६ | |
| ५ | शितभण्डार निर्माण | ११ | |
| ६ | व्यवस्थित वधशाला निर्माण | ३ | |

विशेष अनुदानतर्फ प्रस्ताव गरिएका योजनाहरुको विवरण

| सि.नं | आयोजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | कलेस्ती उपत्यका खानेपानी लिफ्टीङ योजना | ७, ९, १० र ११ | |

**<u>निर्णय नं.२:</u>** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय गण्डकी प्रदेश, पोखरा नेपालको पत्र संख्या २०७५/०७६ च.नं ७६७ मिति २०७५/०९/१९ पत्रद्वारा यस नगरपालिका क्षेत्रभित्र रहेका जीर्ण अवस्थाका काठे पोलहरु परिवर्तन गर्ने गरी ३५२५ थान विद्युतीय स्टिल पोलहरु स्वीकृत भएको व्यहोरा उल्लेख भई आएको हुनाले उल्लेखित मन्त्रालयको विद्युत आयोजना कार्यान्वय सम्बन्धी कार्यविधि बमोजिम यस न.पा. ले उल्लेखित पोल संख्याको लागि नियमानुसार व्यहोर्नुपर्ने लागत सहभागिताको रकम समेत व्यहोर्ने गरी प्रत्येक वडामा आवश्यक पोल संख्याको टोलगत विवरण सहित विद्युत पोल परिवर्तन आयोजना संचालनको लागि कार्यक्रम अगाडि बढाई दिन सम्बन्धित प्रदेश मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

**<u>निर्णय नं.३:</u>** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा एकीकृत जग्गा विकास कार्यक्रम लागू गर्ने गरी प्रस्ताव गरिएका व्यास नगरपालिका वडा नं.११ को रानीगाउँ क्षेत्र तथा व्यास १० को बैरेनी क्षेत्र मध्ये हाल पहिलो चरणमा व्यास ११ को रानीगाउँ क्षेत्रको करिब ७०० (सात सय) रोपनी जग्गामा एकीकृत जग्गा विकास कार्यक्रम लागू गर्न सम्भाव्यता अध्ययनको लागि परामर्शदाता नियुक्ती प्रकृया अगाडि बढाउने निर्णय गरियो । साथै सो परियोजनाको, परियोजना प्रमुखको रुपमा काम गर्ने गरी हाललाई इन्जिनियर श्री रविन्द्रलाल मूललाई थप जिम्मेवारी तोक्ने समेत निर्णय गरियो ।

**<u>निर्णय नं.४:</u>** प्रस्ताव नं.४ उपर छलफल हुँदा यस व्यास नगरपालिकाको मुख्य शहरी क्षेत्र दमौली बजार अन्तर्गत सफा सडकमा सडक बत्ती जडान गर्ने कार्यका लागि प्राविधिकबाट तयार पारिएको रु.१,५९,४००। (अक्षेरुपी एक लाख उनान्साठी हजार चार सय रुपैयाँ) को ABC केवल खरिद सम्बन्धी लागत अनुमान स्वीकृत गरी आयोजना संचालन गर्ने निर्णय गरियो । साथै मादी नदी पुलदेखि बुल्दी खोला पुलसम्मको पृथ्वी राजमार्गको दायाँबायाँ तर्फ समेत सडक बत्ती जडान गर्ने गरी लागत अनुमान तयार गरी पेश गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ उपर छलफल हुँदा यस नगरपालिकाका करार सेवामा कार्यरत निम्नानुसारका कर्मचारीहरुको म्याद २०७६ आषाढ मसान्तसम्म थप गरी काममा लगाउने निर्णय गरियो ।

| सि.नं | पद | नामथर | कैफियत |
|---|---|---|---|
| १ | बजार केन्द्र उत्प्रेरक | श्री राजुहरी पण्डित | |
| २ | इन्जिनियर | श्री विरेन्द्र थापा | |
| ३ | इन्जिनियर | श्री मनोज कैनी | |
| ४ | शाखा अधिकृत | श्री विमल गिरी | |
| ५ | जु.ई | श्री भगवान जोशी | |
| ६ | जु.ई | श्री प्रदिप पौडेल | |
| ७ | सव इन्जिनियर | श्री रोचक क्षेत्री | |
| ८ | सव इन्जिनियर | श्री सुशिल खनाल | |
| ९ | सव इन्जिनियर | श्री सन्तोष श्रेष्ठ | |
| १० | अ.स.ई. | श्री हरिप्रसाद तिवारी | |
| ११ | सरसफाई व्यवस्थापक | श्री कल्पना पन्थ | |
| १२ | सव ओभरसियर | श्री संजय तिमिल्सिना | |
| १३ | इलेक्ट्रिसियन | श्री पूर्णबहादुर दरै | |
| १४ | सामाजिक परिचालक | श्री सिमा राना | |
| १५ | सामाजिक परिचालक | श्री सावित्री थापा | |
| १६ | सामाजिक परिचालक | श्री मञ्जु आचार्य | |
| १७ | सामाजिक परिचालक | श्री सर्मिला आचार्य | |
| १८ | सामाजिक परिचालक | श्री शान्ता रानाभाट | |
| १९ | सामाजिक परिचालक | श्री नर्वदा काफ्ले | |
| २० | सामाजिक परिचालक | श्री स्मृति विश्वकर्मा | |
| २१ | सामाजिक परिचालक | श्री अनिता सुनार | |
| २२ | सामाजिक परिचालक | श्री शिव शर्मा पन्थ | |
| २३ | सामाजिक परिचालक | श्री एलिना राना थापा | |
| २४ | सामाजिक परिचालक | श्री बिन्दु ढकाल | |
| २५ | सामाजिक परिचालक | श्री अम्बिका खनाल | |
| २६ | सामाजिक परिचालक | श्री पूर्णिमा गुरुङ्ग | |
| २७ | सामाजिक परिचालक | श्री रञ्जना विश्वकर्मा | |
| २८ | सामाजिक परिचालक | श्री जानकी तिमिल्सेना | |
| २९ | सामाजिक परिचालक | श्री मैना अधिकारी | |
| ३० | सामाजिक परिचालक | श्री प्रतिक्षा आचार्य | |
| ३१ | सामाजिक परिचालक | श्री इन्दिरा न्यौपाने | |
| ३२ | सामाजिक परिचालक | श्री जमिला खातुन | |
| ३३ | सामाजिक परिचालक | श्री इन्दिरा वाग्ले आचार्य | |
| ३४ | सामाजिक परिचालक | श्री सम्झना अधिकारी मिश्र | |
| ३५ | खा.पा.स.टे | श्री बद्रीनाथ पण्डित | |
| ३६ | महिला कार्यकर्ता | श्री बिन्दु पौडेले | |
| ३७ | कार्यालय सहायक | श्री प्रतिक्षा लोहनी | |
| ३८ | कार्यालय सहायक | श्री आसबहादुर गुरुङ्ग | |
| ३९ | ना.प.स्वा.प्रा. | श्री सन्तोष सिं ठकुरी | |
| ४० | नगर प्रहरी स.नि | श्री आशिक परियार | |
| ४१ | नगर प्रहरी जवान | श्री कविता श्रेष्ठ | |

| | | | |
|---|---|---|---|
| ४२ | नगर प्रहरी जवान | श्री प्रविन गुरुङ्ग | |
| ४३ | नगर प्रहरी जवान | श्री विष्णुप्रसाद लामिछाने | |
| ४४ | नगर प्रहरी जवान | श्री कृष्णबहादुर दरै | |
| ४५ | नगर प्रहरी जवान | श्री रविचन्द्र गौली | |
| ४६ | नगर प्रहरी जवान | श्री भोजबहादुर कार्की | |
| ४७ | नगर प्रहरी जवान | श्री राजेन्द्रबहादुर कुमाल | |
| ४८ | नगर प्रहरी जवान | श्री होमबहादुर वि.क. | |
| ४९ | नगर प्रहरी जवान | श्री मिलनध्वज अधिकारी | |
| ५० | नगर प्रहरी जवान | श्री विमला अस्लामी मगर | |
| ५१ | नगर प्रहरी जवान | श्री अन्जना परियार | |
| ५२ | नगर प्रहरी जवान | श्री सरस्वती कडारिया | |
| ५३ | नगर प्रहरी जवान | श्री बिन्जु अधिकारी | |
| ५४ | नगर प्रहरी जवान | श्री सुरेश कडेल | |
| ५५ | नगर प्रहरी जवान | श्री विष्णु पाण्डे | |
| ५६ | नगर प्रहरी जवान | श्री गोबिन्दबहादुर नेपाली | |
| ५७ | जे.सी.भि. ड्राइभर | श्री राजु पौडेल | |
| ५८ | हल्का सवारी चालक | श्री हरिबहादुर बोटे | |
| ५९ | हल्का सवारी चालक | श्री दिनेश गुरुङ्ग | |
| ६० | कार्यालय सहयोगी | श्री तिलका रानाभाट | |
| ६१ | कार्यालय सहयोगी | श्री बसुन्धरा जमरकट्टले | |
| ६२ | कार्यालय सहयोगी | श्री खिमबहादुर दरै | |
| ६३ | कार्यालय सहयोगी | श्री विमला अछामी | |
| ६४ | कुचिकार | श्री सूर्यबहादुर कुमाल | |
| ६५ | कुचिकार | श्री तहलसिं दरै | |
| ६६ | कुचिकार | श्री सममाया कुमाल | |
| ६७ | कुचिकार | श्री कृष्णे कुमाल | |
| ६८ | कुचिकार | श्री मनिलाल कुमाल | |
| ६९ | कुचिकार | श्री मनबहादुर दरै | |
| ७० | कुचिकार | श्री नानीमाया गैह्रे | |
| ७१ | कुचिकार | श्री सिता दरै | |
| ७२ | कुचिकार | श्री सन्तबहादुर दरै | |
| ७३ | कुचिकार | श्री जीवन कुमाल | |
| ७४ | कार्यालय सहयोगी | श्री नेत्रबहादुर फडजामगर | |
| ७५ | कार्यालय सहयोगी | श्री मानकाजी श्रेष्ठ | |
| ७६ | कार्यालय सहयोगी | श्री कुमारी श्रेष्ठ | |
| ७७ | कार्यालय सहयोगी | श्री सिताराम आले | |
| ७८ | कुचिकार | श्री गोविन्द बोटे | |
| ७९ | कुचिकार | श्री निमन श्रेष्ठ | |
| ८० | कुचिकार | श्री भिमबहादुर दरै | |
| ८१ | कुचिकार | श्री भरतबहादुर कुमाल | |
| ८२ | कार्यालय सहयोगी | श्री ईश्वर दरै | |
| ८३ | कार्यालय सहयोगी | श्री तिलमाया थापा मगर | |
| ८४ | कार्यालय सहयोगी | श्री राममाया राना | |
| ८५ | कार्यालय सहयोगी | श्री रामहरी मिश्र | |

| | | | |
|---|---|---|---|
| ८६ | कार्यालय सहयोगी | श्री सरोज गुरुङ्ग | |
| ८७ | कार्यालय सहयोगी | श्री भारती थापा | |
| ८८ | कार्यालय सहयोगी | श्री रविना थापा | |
| ८९ | ना.प्राविधिक सहायक | श्री मोहन वि.क. | |

**निर्णय नं.६:** प्रस्ताव नं.६ उपर छलफल हुँदा यस नगरपालिकाको चौथो नगर सभा आगामी माघ २८ र २९ गते सम्पन्न गर्ने गरी मिति तय गर्ने निर्णय गरियो । साथै सोको लागि आवश्यकता अनुसार विभिन्न ऐन, नियम तथा कानूनको संशोधन प्रस्ताव तयार गर्ने तथा अन्य सम्पूर्ण कार्यको तयारीको लागि आवश्यक गृहकार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ उपर छलफल हुँदा नगर कार्यपालिकाको मिति २०७५/०८/२८ को बैठकद्वारा व्यास ३ दमौली बजार स्थित ने-कोर्यो हस्पिटलको नवीकरण सम्बन्धमा भएको निर्णय अनुसार उल्लेखित हस्पिटललाई स्पष्टिकरण सोधिएकोमा हस्पिटल प्रशासनबाट स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता अनुमती तथा नवीकरण सम्बन्धी निर्देशिका-२०७५ ले निर्दिष्ट गरे बमोजिमको मापदण्ड पुरा गर्ने प्रतिवद्वता सहित स्पष्टिकरण पेश हुन आएको र निश्चित समय सिमा भित्र मापदण्ड बमोजिमको भौतिक तथा जनशक्ति व्यवस्थापन गर्ने शर्त सहित संस्था नवीकरण गरिएकोमा सो सम्बन्धी सम्पूर्ण प्रकृयाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा आगामी माग १६ गते राष्ट्रिय शहिद दिवसको अवसरमा दोस्रो खुल्ला व्यास नगर म्याराथन दौड प्रतियोगिता आयोजना गर्नको लागि नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा सम्पूर्ण वडाका वडा अध्यक्षहरु, सम्पूर्ण कार्यकारीणी सदस्यहरु, सम्पूर्ण वडाका वडा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण शाखाका शाखा प्रमुखहरु लगायत सम्बद्ध अन्य खेलप्रेमीहरु समेत सदस्य रहने गरी १०१ सदस्यीय आयोजक मुल समारोह समिति र वडा अध्यक्ष एवं नगर कार्यपालिकाका प्रवक्ता श्री मोहनकुमार श्रेष्ठको संयोजकत्वमा वडा अध्यक्ष श्री तुलसीराम सापकोटा, वडाध्यक्ष श्री विश्वराज न्यौपाने, भवन नियमन तथा नक्शापास शाखाका इन्जिनियर श्री रविन्द्रलाल मूल र सूचना प्रविधि अधिकृत श्री विशाल पण्डित सदस्य रहने गरी म्याराथन दौड प्रतियोगिता व्यवस्थापन एवं संचालन उपसमिति गठन गर्ने निर्णय गरियो । साथै सो प्रतियोगिताका बिजेता तथा उपविजेता लगायतका खेलाडीहरुलाई निम्नानुसार नगद पुरस्कार प्रदान गर्ने समेत निर्णय गरियो ।

(क) प्रथम पुरस्कार रु.८०,०००। (अक्षेरुपी असी हजार रुपैयाँ मात्र) सम्पूर्ण करहरु वाहेक
(ख) द्वितीय पुरस्कार रु.६०,०००। (अक्षेरुपी साठी हजार रुपैयाँ मात्र) सम्पूर्ण करहरु वाहेक
(ग) तृतीय पुरस्कार रु.५०,०००। (अक्षेरुपी पचास हजार रुपैयाँ मात्र) सम्पूर्ण करहरु वाहेक
(घ) सान्त्वना पुरस्कार रु.१५,०००। (अक्षेरुपी पन्ध्र हजार रुपैयाँ मात्र) (तीन जनालाई) सम्पूर्णकरहरु वाहेक

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको फोहोरमैला व्यवस्थापनको दीर्घकालिन समस्या समाधानको लागि फोहोरलाई श्रोतमानै घटाउदै लैजाने र सोको लागि फोहोरमैलाको वर्गीकरण गरी फोहोरलाई (कुहिने, नकुहिने, पुन: प्रयोग हुने तथा अस्पतालजन्य फोहोर) अलग-अलग संकलन र अलग-अलग व्यवस्थापन गर्नुपर्ने भएको हुँदा २०७५ माघ १० गतेदेखि सोही अनुसार फोहोरमैला संकलन तथा व्यवस्थापनको कार्य थालनी गर्ने गरी आवश्यक प्रचार, प्रसार समन्वय तथा छलफल गरी सो सम्बन्धमा आवश्यक व्यवस्थापन मिलाउन सरसफाई शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको करार सेवामा रही भान्सेको रुपमा कार्यरत जिवन तामाङ्गले आफ्नो घरायसी कारण देखाई कार्यालयको कामकाजमा उपस्थित हुन नसक्ने व्यहोरा जानकारी गराएको हुदाँ रिक्त हुन आएको उक्त पदमा लमजुङ्ग जिल्ला निवासी विनोद राना मगरसंग मासिक रु.१०,०००। (अक्षेरुपी दश हजार रुपैया मात्र) पारिश्रमिक दिने गरी मिति २०७५/०९/१६ देखि लागू हुने गरी करार सम्झौता गरी काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ स्थित नारायणी अधिकारी र श्रीराम खनालको जग्गाबाट बराबरी कट्टा हुने गरी ४ मिटरको बाटो खोली सोको लगत कट्टा गर्ने कार्यका लागि सिफारिस मागको निवेदन पेश हुन आएको र सम्बन्धित वडा कार्यालयबाट समेत सोही व्यहोरा खुलाई सिफारिस भई आएको हुँदा ४ मिटरको बाटो कायम हुने गरी लगत कट्टाको लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिका वडा नं.१० अन्तर्गत रहेका ४ वटा माध्यामिक विद्यालय र १ वटा आधारभूत विद्यालयमा कार्यरत शिक्षकहरुलाई कम्प्यूटर विषयको २ महिने प्रशिक्षक प्रशिक्षण तालिम (TOT) संचालनको लागि पेश हुन आएको रु.१,९०,०००। (अक्षेरुपी एक लाख नब्बे हजार रुपैयाँ मात्र) को प्रस्ताव स्वीकृत गरी प्रशिक्षण कार्यक्रम सम्पन्न भए पश्चात नियमानुसार रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका विभिन्न वडाहरुबाट खोला, खोल्सी र कसिङ्गहरुमा आवागमन सहज गराउन विभिन्न साइजका ह्युमपाइपहरु माग भई आएकोमा सम्बन्धित शीर्षकमा बजेट विनियोजन भएका वडाहरुको हकमा वडा बजेटबाट नै खर्च लेख्ने गरी तथा अन्य वडाहरुको हकमा कार्यालयबाट नै खर्च लेख्ने गरी हाललाई रु.१०,००,०००। (अक्षेरुपी दश लाख रुपैयाँ मात्र) सम्मको ह्युम पाइप खरिदको लागि आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निणर्य नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको नवनिर्मित बहुउद्देश्यीय भवनको दोस्रो तलामा भवन नियमन तथा नक्शापास उपशाखा र राजश्व उपशाखा स्थान्तरण तथा नगर पुस्ताकालय केन्द्र स्थापनार्थ कार्यकक्षहरु तथा पुस्तकालय निर्माणको लागि प्राविधिकबाट तयार गरिएको रु.२२,४०,३३३।६१ (अक्षेरुपी बाइस लाख चालीस हजार तीन सय तेत्तीस रुपैपयाँ एकसठ्ठी पैसा) र फर्निचर खरिदको रु.१४,८५,३७७।७७ (अक्षेरुपी चौध लाख पचासी हजार तीन सय सतहत्तर रुपैयाँ सतहत्तर पैसा) को लागत अनुमान स्वीकृत गरी निर्माण तथा खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाले १० वर्ष सम्मको मान्य अवधि कायम गरी आयोजना हस्तान्तरण भई हाल उपभोक्ता संस्था मार्फत संचालन भइरहेको दमौली खानेपानी आयोजनाका सम्बन्धमा सम्बन्धित उपभोक्ता संस्थाको पत्र संख्या २०७५/७६ चलानी नम्बर २५ मिति २०७५/०९/११ को पत्रद्वारा म्याद थपको लागि लेखी आएकोमा उक्त संस्थालाई १५ दिन भित्र संस्थाको हालसम्मको प्रगती प्रतिवेदन (सम्पत्ति तथा दायित्व समेत खुल्ने गरी) पेश गर्न लेखी पठाउने साथै सो सम्बन्धमा सम्बद्ध पक्षसँग आवश्यक छलफल तथा परामर्श गरी आगामी दिनमा उपयुक्त निर्णय गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा २०७५।९।९ गतेको कार्यपालिकाको बैठकद्वारा यस व्यास नगरपालिका वडा नं १ अम्रेनी स्थित अम्रेनी खानेपानी आयोजनाको लागिरु.४,२५,०००। अनुदान दिने गरी निर्णय भएकोमा सो आयोजनाको लागत बढ्न गएको हुनाले हाल प्राविधिकबाट तयार गरिएको संशोधित कुल रु.६,९६,६१८।१६ (अक्षेरुपी छ लाख छयानब्बे हजार छ सय अठार रुपैया सोह्र पैसा) को लागत अनुमान मध्ये २० प्रतिशत बराबरको रकम उपभोक्ता लागत सहभागिता हुने गरी बाँकी रकम अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको योजना कार्यान्वयन प्रकृयालाई वैज्ञानिक सहज, तथा झन्झटमुक्त गराउँदै सेवा प्रभावहलाई अझ प्रभावकारी गराउनु पर्ने आवश्यकता खड्किरहेको परिप्रेक्षयमा श्री हिमालयन इन्स्टिच्यूट अफ टेक्नोलोजीद्वारा पेश हुन आएको रु.४,२५,०००। (अक्षेरुपी चार लाख पच्चीस हजार रुपैयां) भ्याट वाहेकको योजना कार्यान्वयन सम्बन्धी सफ्टवयरको प्रस्ताव स्वीकृत गरी संचालनको लागि सो सम्बन्धी सम्पूर्ण प्रकृयाहरु अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका विभिन्न वडाहरुबाट सिफारिस भई आएका निम्नानुसारका योजनाहरुलाई निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम |
|---|---|---|---|
| १. | नाग पधेरीमा नागको मूर्ति स्थापना तथा पानीको फोहरा निर्माण योजना | २ | ५००,०००।०० |
| २. | ठिन नयाँ गाउँकोट खानेपानी लिफ्ट योजना | १४ | २५०,०००।०० |
| ३. | सिद्धवेनी आ.वि. भवन निर्माण (अधुरो भवन) योजना | १३ | २५०,०००।०० |
| ४. | वेदव्यास प्रा.वि. मर्मत सुधार योजना | ४ | १५०,०००।०० |
| ५. | एकता पुस्तकालय (इ.लाइव्रेरी) व्यवस्थापन योजना | ८ | १५०,०००।०० |